लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# सहकारी दर्ता अधिकारीको कार्यालय
राप्ती उपत्यका(देउखुरी), नेपाल ।

Email: oocr.lumbini@gmail.com
सम्पर्क नं. ०८२-५९०७३९

प. सं. ०८२।८३
च. नं.

मितिः२०८२।०९।२८

विषयः सहकारी संघ /संस्थाको विनियम संशोधन सम्बन्धी सूचना ।

यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने सहकारी संस्थाहरुले विनियम स्वीकृति तथा विनियम संशोधनको लागि यस कार्यालयमा कागजात पेश गर्दा तपसिल बमोजिमको प्रक्रिया अवलम्बन गर्नुहुन सूचित गरिन्छ ।

तपसिलः

- संस्थाले विनियम बनाउँदा सहकारी नियमावली, २०७६ को अनुसूची -१० मा उल्लिखित विषयहरु समावेश गर्नु पर्ने,
- संशोधनको लागि निवेदन पेश गर्नु भन्दा अगाडि सैद्धान्तिक स्वीकृति लिनुपर्ने, सैद्धान्तिक स्वीकृतिका लागि निवेदन दिँदा सञ्चालक समितिको निर्णयको प्रतिलिपि र तीन महले फाराम दुई प्रति समावेश गर्नु पर्ने,
- विनियम संशोधनको लागि निवेदन दिँदा साधारण सभाको निर्णयको प्रतिलिपि, विनियम संशोधनको मस्यौदाको दुई प्रति तथा तीन महले फाराम दुई प्रति पेश गर्नु पर्ने,
- प्रदेश सहकारी ऐन, २०७६ र प्रदेश सहकारी नियमावली, २०७६ लागु हुनु भन्दा अगाडि कार्यान्वयनमा रहेका विनियमलाई सहकारी नियमावली, २०७६ को अनुसूची -१० बमोजिमको विवरण समावेश गरेर विनियम स्वीकृतिको लागि पठाउँदा जुन मितिमा साधारण सभाबाट स्वीकृत हुन्छ सोही मितिको विनियम उल्लेख गरी साविकको विनियम खारेज गरिएको भन्ने व्यवस्था राखे,
- विनियम संशोधन तथा स्वीकृतिको लागि पेश गर्दा संलग्न अनुसूची बमोजिमको संस्थाको संक्षिप्त इतिहास अनिवार्य उल्लेख गर्नु पर्ने ।

२०८२।९।२२

दर्ता अधिकारी

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
Email: oocr.lumbini@gmail.com
सम्पर्क नं. ०८२-५९०७३९

# सहकारी दर्ता अधिकारीको कार्यालय

राप्ती उपत्यका(देउखुरी), नेपाल ।

प. सं. ०८२।८३
च. नं.

## अनुसूचीको ढाँचा

## संस्थाको संक्षिप्त इतिहासः-

१. प्रारम्भिक संस्थाको स्थापना मितिः-

२. विनियम स्वीकृत भएको मितिः-

३. विनियम संशोधन भएको मिति क्रमैसँगः-

४. एकीकरण, कार्यक्षेत्र वा सेवा केन्द्र विस्तार भएको भए, कुन मितिमा भएको हो सोको विवरणः-

५. एकीकरण भएको भए, कुन कुन संस्थाहरु कुन मितिमा एकीकरण भएको हो सोको विवरणः-

६. कार्यक्षेत्र विस्तार भएको भए, कुन निकायको स्वीकृतिबाट कुन मितिमा विस्तार भएको हो सोको विवरणः-

७. सेवा केन्द्र रहेको भए, सेवा केन्द्र राख्ने निर्णय र सेवा केन्द्रहरुको विवरणः-